नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

# नं.३४ गण हे.क्वा.कैलाली

## जिन्सी सामान तथा सवारी साधनहरुको लिलाम बिक्री समन्धी बोलपत्र आह्वानको सूचना

सूचना नं.१

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१९ गते ।

यस सशस्त्र प्रहरी बल, नेपाल नं.३४ गण हे.क्वा.कैलालीको जिन्सी आम्दानीमा रहेका निम्नानुसारका सवारी साधनहरु तथा जिन्सी सामानहरु जे-जस्तो अबस्थामा छन सोही अबस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनिहरुले निम्नलिखित सर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरीएको छ ।

निम्नः-

| क्र.सं. | सामानहरुको बिवरण | न्यूनतम मूल्य (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|
| १. | Bagmati G AA ०३४० (१२/१२ ट्रक मोडल नं.२००१) | २,१५,०००/- | |
| २. | Bagmati G AA ०३८० (१२/१२ ट्रक मोडल नं. २००१) | २,१५,०००/- | |
| ३. | बा १ ब ६१९९ (यमाहा YD मो.सा. मोडल नं. २००१) | ४,३००/- | |
| ४. | बिभिन्न जिन्सी सामानहरु | १८,१७०/- | |
| | जम्मा | ४,५२,४७०/- | |

**शर्तहरुः-**

१. इच्छुक बोलपत्र दाताहरुले यस कार्यालयको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन ।

२. इच्छुक बोलपत्र दाताले मिति २०८०/०९/०३ गते कार्यालय समय भित्र फिर्ता नहुने गरी रु. १००० (एक हजार रुपयाँ मात्र) रकम राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय धनगढी स्थित यस सशस्त्र प्रहरी बल, नेपाल नं.३४ गण हे.क्वा.कैलालीको राजश्व खाता नं. १०००१००२०००१०००० कार्यालयको कोड नं.३१४०५७७०१ राजश्व शीर्षक नं. १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचर तथा नगदै बोलपत्रदाताको फर्म दर्ता प्रमाण पत्र वा इच्छुक ब्यक्ति भएमा नागरिकताको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागी निवेदन पेश गर्नु पर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु १६ औं दिनको १५:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलीनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम बिक्री हुने सम्मत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्रसाथ जमानत बापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १० प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक धनगढी शाखामा रहेको धरौटी खाता नं. ४१७०१००१०२०३०००० मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक जमानत (बिड बण्ड) पेश गर्नुपर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्र भरेको सबैभन्दा अधिकतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरीनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यस्को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।